कोशी प्रदेश सरकार

खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय

# जलस्रोत तथा सिंचाई विकास डिभिजन

धनकुटा, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## सूचना सार्वजनिक गरेको अवधि २०८२ कार्तिक महिना देखि २०८२ पौष महिना सम्म


कार्यालय☏: ०२६-५२२२६५, ५२३२०८

E-mail: dhankuta.irrigation@gmail.com

Website : http://wridddhankuta.koshi.gov.np/

परिचय :

नेपालको समग्र आर्थिक विकास गर्न कृषि पेशाको मेरुदण्डको रुपमा रहेको सिंचाई सुविधा उपलब्ध गराउने उद्धेश्यले जलस्रोत तथा सिंचाई विकास डिभिजन, धनकुटा को स्थापना जिल्ला सिंचाई कार्यालय धनकुटा को नामबाट मिति २०४५ सालमा भएको थियो । यस डिभिजनको काम कारवाही मिति २०४८ साल देखि २०७१ साल सम्म पूर्वाञ्चल सिंचाई विकास सब डिभिजन नं ३, धनकुटाको नामबाट संचालन भएको थियो। तत् पश्चात मिति २०७२ साल श्रावण देखि २०७५।०७।१८ सम्म सिंचाई विकास डिभिजन, धनकुटाको नामबाट संचालनमा रहेकोमा मिति २०७५।०७।१९ गते बाट यस डिभिजनको नाम कोशी प्रदेश सरकार मातहत रहने गरी जलस्रोत तथा सिंचाई विकास डिभिजन, धनकुटा कायम भएको हो । यस डिभिजनल २ रोपनी १५ आना क्षेत्रफलमा २.५ तले पक्की भवनबाट दैनिक कार्य संचालन गर्दै आएको छ ।

१. निकायको स्वरूप र प्रकृति : खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय, बिराटनगर, कोशी प्रदेशको अन्तर्गतमा रही धनकुटा जिल्लाको कृषियोग्य जमिनमा सिंचाइको व्यवस्था गरी कृषि उत्पादन वृद्धि गर्न सहयोग पुर्याउने र जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यबाट जिल्ला भित्र मानव वस्ती तथा कृषियोग्य जमिन लगायत अन्य भौतिक सम्पतिको बचाउ गर्न सहयोग पुर्याउने उदेश्यले जलस्रोत तथा सिंचाई विकास डिभिजन, धनकुटा कार्यालय स्थापना भएको हो ।

२. काम, कर्तब्य र अधिकार :

१. नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने एवं निर्माण सम्पन्न भएका सिंचाइ प्रणालीहरुको मर्मत संभार एवं व्यवस्थापन गरी सिंचाइको लागि पानी उपलब्ध गराउने ।
२. कृषकहरुलाई सिंचाइ सम्बन्धी प्राविधिक परामर्श सेवा तथा तालिम उपलब्ध गराउने ।
३. भू-क्षय, पहिरो, बाढीको प्रकोप न्यूनीकरण तथा नदी नियन्त्रणसंग सम्वन्धी कार्य स्वीकृत कार्यक्रम अनुसार गराउने ।
४. नयाँ प्रविधिमा आधारित सिंचाइ (स्प्रिङकल, ड्रिप, सोलार लिफ्ट तथा पोखरी निर्माण) योजनाको निर्माण गर्ने ।
५. आपतकालीन बाढी पहिरोबाट क्षति पुर्याएको सिंचाई योजना र नदि तथा पहिरो नियन्त्रणको लागि HDPE पाइप तथा तारजाली उपलब्ध गराउने कार्य गर्ने ।
६. उपभोक्ता समितिहरुको माग बमोजिम आवश्यकताको आधारमा क्षतिग्रस्त सिंचाई योजनाहरुको मर्मत सम्भार गर्ने ।

## ३. कर्मचारीको संख्या र कार्य विवरण

यस डिभिजनको दैनिक काम– कारवाही सूचारु रुपले सञ्चालन गर्न प्रदेश सरकारले हाल यस डिभिजन मा ११ जना कर्मचारीको व्यवस्था गरेको छ ।

क) स्वीकृत कर्मचारी दरवन्दी संख्या – १२

ख) स्थायी कर्मचारी संख्या – १०

ग) सेवा करार कर्मचारी संख्या – ३

यस डिभिजनमा तपशिलको तालीका बमोजिमका कर्मचारीहरु को दरबन्दी रहेको छ ।

| सिं.नं | पद | श्रेणी/तह | सेवा | समुह | उपसमुह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डिभिजन प्रमुख | ९/१० | इन्जिनियरिङ्ग | सिभील | इरिगेसन | १ | |
| २ | इन्जिनीयर | ७/८ | इन्जिनियरिङ्ग | सिभील | इरिगेसन | २ | २ रिक्त |
| ३ | सव– इन्जिनियर | ५/६ | इन्जिनियरिङ्ग | सिभील | इरिगेसन | ३ | |
| ४ | सि.ए.ओरए.ओ | ५/६ | इन्जिनियरिङ्ग | एगृ इरिगेसन | | १ | |
| ५ | नायब सुब्बा | ५ | प्रशासन | प्रशासन | | १ | कामकाज |
| ६ | लेखापाल | ५ | प्रशासन | लेखा | | १ | |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | | | २ | १सेवाकरार |
| ८ | ह.स.चा. | श्रेणी विहिन | | | | १ | सेवा करार |
| ९ | सुरक्षा गार्ड | श्रेणी विहिन | | | | १ | सेवा करार |
| | जम्मा | | | | | १३ | |

## ४. कार्यालयबाट प्रदान गरिने सेवा:

१. नयाँ तथा पुन:स्थापना मझौला सिंचाइ योजनाहरुको निर्माण कार्य

२. नयाँ प्रविधिमा आधारित सिंचाइ (स्प्रिङकल, ड्रिप, सोलार लिफ्ट तथा पोखरी निर्माण) योजनाको निर्माण कार्य

३. भू-क्षय, पहिरो, बाढीको प्रकोप न्यूनीकरण तथा नदी नियन्त्रणसंग सम्वन्धी कार्य

४. आपतकालीन बाढी पहिरोबाट क्षति पुर्याएको सिंचाई योजना र नदि तथा पहिरो नियन्त्रणको लागि HDPE पाइप तथा तारजाली उपलब्ध गराउने कार्य ।

**सेवा उपलब्ध हुने प्रकृया :** (क) सिंचाइ सेवा उपलब्ध गर्न चाहने उपभोक्ताहरूको माग भए पछि पहिचान भएका योजनाहरु मध्येवाट प्राथमिकताका आधारमा विस्तृत संभाव्यता अध्ययन गर्दा संभाव्य देखिएका योजनाहरुलाई श्रोत व्यवस्था गरी निर्माण गरिने । (ख) सिंचाइ योजनाहरूको मर्मत संभारको लागि उपभोक्तावाट माग भए पछि संभाव्यता अध्ययन गरी प्राथमिकताका आधारमा श्रोतको व्यवस्था गरी मर्मत संभार गरिने । (ग) जनसहभागिता

परिचालन गरी निर्माण सुदृढीकरण तथा मूर्मत गरिने योजनाहरुमा सिंचाइ नीतिमा उल्लेख भए अनुसार जनसहभागिता आवश्यक पर्नेछ ।

५. शाखा र जिम्मेवार अधिकारी :

क) प्राबिधिक शाखा :

- वार्षिक कार्यक्रम तयार गर्ने ।
- स्वीकृत कार्यक्रम संचालन गर्ने ।
- योजनाको डिजाइन विस्तृत अध्ययन तथा नक्सा तयार गर्ने, ल.ई. तयार गर्ने, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने ।
- संचालित योजनाहरु स्वीकृत नर्म्स, डिजाइन र गुणस्तर बमोजिम भए नभएको सम्बन्धमा समय समयमा अनुगमन, मूल्याङ्कन गर्ने र प्रतिवेदन पेश गर्ने ।
- बिल बमोजिमको रकम भुक्तानीको लागि आवश्यक कागजात तयार गरी डिभिजन प्रमुख समक्ष् पेश गर्ने ।
- योजनाको मासिक, चौमासिक र वार्षिक तथ्याङ्क दुरुस्त राख्ने र मन्त्रालयमा पठाउने ।

जिम्मेवार अधिकारी

१. प्रदिप श्रेष्ठ (इन्जिनियर छैटौं)

२. समिप श्रेष्ठ (इन्जीनियर छैटौं)

३. सुजन बिस्ट (इन्जीनियर छैटौं)

**ख) संस्थागत विकास शाखाः–**

सिंचाई योजनाहरुको उपभोक्ता संस्था दर्ता/ नबिकरण, सिंचाई उपभोक्ताहरु लाई विभिन्न किसिमका तालीमहरू प्रदान गर्ने जस्तै ज.उ.स.का सदस्यहरुलाई प्रशासन, गुणस्तर नियन्त्रण तथा व्यवस्थापन, नहर संचालन तथा मर्मत संभार सम्बन्धी तालिम संचालन गर्ने ।

जिम्मेवार अधिकारी

बुद्धिमान लिम्बु (सि.ए.ओ.)

**ग) प्रशासन शाखाः-**

- कर्मचारीको अभिलेख मासिक, चौमासिक वार्षिक रुपमा तयार गर्ने ।

- लो.से. आ बाट सिफारीस भई आएका कर्मचारीहरुको पदस्थापना गर्ने ।
- नयाँ कर्मचारीहरुको सिटरोट दर्ता गराउने, का.स.मु. फाराम भराउने, सम्पत्ती विवरण फाराम भराउने ।
- माग आकृति फाराम भरी लो.से.आ. पठाउने ।
- कर्मचारीको हाजिरी, विदा अभिलेख दुरुस्त राख्ने ।
- जिन्सी व्यवस्थापन सम्बन्धि सम्पूर्ण कार्य गर्ने ।
- कार्यालय प्रमुखले तोके बमोजिम अन्य कार्य गर्ने ।

जिम्मेवार अधिकारी

बिनय घिमिरे (नायबसुब्बा)

**घ) आर्थिक प्रशासन शाखा :-**

- आर्थिक प्रशासन सम्बन्धि सम्पूर्ण काम गर्ने ।
- प्राप्त विल भरपाई चेक जाँच गरी ठीक भएमा भुक्तानीको लागि डिभिजन प्रमुख समक्ष पेश गर्ने
- आ.ले.प., म.ले.प. गराउने, पेश्की तथा वेरुजु फछ्यौट को लागि पेश गर्ने ।
- कार्यालयको लेखा प्रणाली दुरुस्त राख्ने ।
- कार्यालयको मासिक, चौमासिक वार्षिक, आर्थिक विवरण तयार गरी खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, बिराटनगर पठाउने

जिम्मेवार अधिकारी

सन्तोष मेहता (सहायक पाँचौ )

लेखा प्रमुख

६.सेवा बापत लाग्ने दस्तुर र अवधि : (क) उपभोक्ता संस्था नयाँ दर्ता गर्दा रु. १००/- र विलम्व शुल्क तिरी नविकरण गर्दा थप दस्तुर रु. १००/- को नगदी रसिद काट्नु पर्नेछ । (ख) योजना माग गर्दा तपशिल बमोजिम धरौटी जम्मा गरेको प्रमाण भौंचर माग संलग्न राख्नु पर्नेछ ।

१) मझौला सिंचाइ योजनाका लागि प्रति हेक्टर रु. ५०/- २) नयाँ प्रविधिमा आधारित सिंचाइ योजनाका लागि प्रति हेक्टर रु.१००/- ३) सि. एम.आइ. ए. एस. पी. (एडीबी) योजनाका लागि प्रति हेक्टर रु. १००/- (४) अन्य कामको लागि नियमानुसार तोकिए बमोजिमको रकम दस्तुर वापत लाग्ने छ ।

- बहुबर्षीय योजना स्वीकृति पश्चात् लागत अनुमानको ०.५०% रकम धरौटी यस डिभिजनको धरौटी खातामा जम्मा गर्नुपर्ने

लाग्ने समय : क) उपभोक्ता संस्थाको नयाँ दर्ता गर्नको लागि आवश्यक कागज पत्र संलग्न भई आएमा ७ दिन र नविकरण कार्यगर्न आवश्यक कागज पत्र संलग्न भई आएमा दुई दिन भित्र सम्पन्न गरिनेछ । (ख) आपतकालीनको लागि साधन श्रोतले भ्याए सम्म यथाशीघ्र र अन्यको हकमा स्वीकृत बार्षिक कार्यतालिका अनुसारको समयावधि आवश्यक हुनेछ । (ग) कार्यालयबाट नागरिकलाई प्रदान गरिने सेवा र सुविधामा प्रभावकारिता ल्याई आम नागरिकहरूको हुनसक्ने काम नियमानुसार सोही दिन नै गरिनेछ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :** आवश्यकता अनुसार प्राबिधिक शाखा, प्रशासन शाखा, सस्थागत शाखा, आर्थिक प्रशासन शाखा हुदै डिभिजन प्रमुखबाट ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** कार्यालय प्रमुख बाहेक अन्य कर्मचारीको हकमा भए कार्यालय प्रमुख र कार्यालय प्रमुखको हकमा भए सम्बन्धित मन्त्रालय ।

९. **सम्पादन गरेको कामको विवरण :**

३१३०२१०७४ (प्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम) अन्तर्गत जम्मा १२ गोटा र

३१३०२१०६४ (प्रदेश जलस्रोत तथा सिंचाई विकास व्यवस्थापन कार्यक्रम) : सम्पन्न जम्मा ७ योजना सम्पन्न

आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक सम्मको प्रगति विवरण

| सि.नं. | कार्यक्रमको नाम (ब.उ.शि.नं.) | योजना संख्या | विनियोजित बजेट (रु. | योजना सम्झौता संख्या | योजना सम्पन्न संख्या | हाल सम्मको खर्च रु. हजारमा | बार्षिक वितिय प्रगति % | बार्षिक भौतिक प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३१३०२१०७४ (प्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम ) | १७ | २८७०० | १५.० | १२.० | १६७४६.१७ | ५८.३५ | ६९.७ | |
| २ | ३१३०२१०६४ (प्रदेश जलस्रोत तथा सिंचाई विकास व्यवस्थापन) | ३३ | ६४५०० | २१.० | ७.० | १२९७४.१ | २०.११ | ३५.५ | |
| ३ | ३१३०२१०१४ (निर्मित भवनको संरचनात्मक सुधार) | १ | ५०० | १ | १ | ४८६.८१ | ९७.३६ | १००.० | |
| | जम्मा | ५१ | ९३७०० | ३७ | २० | ३०२०७ | ३२.२४ | ४५.८ | |
| ३ | ३१३०२१०१३ ( जलस्रोत तथा सिंचाई विकास डिभिजन-चालु) | | १६६०० | | | ६५७५.३ | ३९.६ | | |

## बहु बर्षीय योजनाहरुको विवरण :

| सि.नं. | योजनाको नाम | सिंचित क्षेत्रफल (हे.) | कुल लागत रु. (हजारमा ) | ठेक्का सम्झौता रकम रु. (हजारमा) | आ.व.२०८२/०८३ सम्ममा भएको खर्च रु. (हजारमा) | भौतिक प्रगति % | वितिय प्रगति % | ठेक्का सम्झौताको म्याद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लेगुवा खाडेप सि.यो., महालक्ष्मी -३ र ४, धनकुटा | २५० | ८१६१० | ४३६९५.६ | १२२४८ | ३५.० | २८.० | २०८४/०१/१२ | क्रमागत |
| २ | पुरानो तिनचौतारे झरना सि.यो., महालक्ष्मी -२, धनकुटा | ६८ | ३५९५०.० | | ४९८९.८ | १५.० | १४.० | | contract part बोलपत्र आव्हान भएको र WUA कार्य सम्पन्न |

**IMEP-1a योजनाहरुको विवरण**

| सि. न. | योजनाको नाम | सिंचित क्षेत्रफल (हे.) | कुल लागत रु.(०००) | योजनाको प्रकार (नया/पुनस्थापना) | आ.व. २०८२-०८३ मा विनियोजित बजेट रु.(०००) | लाभान्वित घरधुरी/ जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बिरेन्द्र कुलो सिंचाई उप-आयोजना, महालक्ष्मी-३ र ४, धनकुटा | १०६ | ५१३४२ | पुनस्थापना | २२३४० | ९३/५६९ | Re-Tender आव्हान भई आर्थिक प्रस्ताव मुल्यांकन रिपोर्ट (FBER) NO-Objection को लागि सिंचाई आधुनिकीकरण अभिवृदी योजना (IMEP) पेश गरिएको |
| २ | तिनदोभाने केराबारी सिंचाई उप-आयोजना, धनकुटा-२, धनकुटा | ९८ | ४४०५५ | पुनस्थापना | १९४२० | ७५/५११ | |
| **IMEP-1b मा छनौट भएको योजनाको विवरण** | | | | | | | |
| १ | छ्यालुंग लक्तांग सिंचाई उप-योजना, महालक्ष्मी न.पा.-२, धनकुटा | १८८ | ६९३८० | पुनस्थापना | - | ३१५/२०८० | SPPR स्वीकृत भई DPR तयारी हुदै |

## आ.व. ०८२/८३ दोस्रो त्रैमासिक सम्मको संक्षिप्त भौतिक उपलब्धि विवरण :

### सिंचाई तर्फ

- नयाँ क्षेत्रफल विस्तार (Extension) हेक्टरमा- १०
- पुनर्स्थापना (Rehab.) हेक्टरमा- ४८
- लाभान्वित जनसंख्या- ९२
- लाभान्वित जनसंख्या- ४८६

| धनकुटा | |
|---|---|
| कूल क्षेत्रफल | ९०,०९० हे. |
| खेतीयोग्य क्षेत्रफल | ३५,०५३ हे. (३९%) |
| सिचाइ योग्य क्षेत्रफल | १६,५०७ हे. (४७%) |
| सिंचित क्षेत्रफल | ६,७६३ हे. (४०.९७%) |
| | *(आ.व. २०८२/८३ दोस्रो त्रैमासिक सम्म)* |

### नदि नियन्त्रण तर्फ

- नदि नियन्त्रण योजना संख्या- ३
- नदि नियन्त्रण लम्वाइ मिटरमा- ११९
- नदि नियन्त्रण स्पर संख्या- ५
- जग्गा उकास हेक्टरमा- १२
- लाभान्वित जनसंख्या- ३८२

### पहिरो नियन्त्रण तर्फ

- पहिरो नियन्त्रण योजना संख्या- ९
- पहिरो नियन्त्रण लम्वाइ मिटरमा- १०८
- लाभान्वित जनसंख्या- २८६

१०. **सूचना अधिकारी र प्रमुखको नाम पद :**

**सूचना अधिकारी**
श्री प्रदिप श्रेष्ठ
इन्जीनियर छैटौ
मो.नं.:-९८५२०६१२७४

**डिभिजन प्रमुख**
श्री धिरज पोखरेल
सिनियर डिभिजनल इन्जीनियर
मो.नं.:-९८५२०५०१८६

११. **ऐन, नियम,विनियम वा निर्देशिकाको सुची :**

क) जलस्रोत नीति, ऐन तथा नियमावली, सिंचाइ नीति, नियमावली तथा निर्देशिका

(ख) सार्वजनिक खरिद ऐन तथा नियमावली

(ग) आर्थिक कार्यविधि सम्बन्धि ऐन तथा नियमावली

(घ) अन्य प्रचलित ऐन तथा नियमहरू ।

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :

राजस्व आम्दानी : रु ७५०००.००

आर्थिक खर्च विवरण :

| सि.नं. | कार्यक्रमको नाम (ब.उ.शि.नं.) | योजना संख्या | विनियोजित बजेट (रु. | योजना सम्झौता संख्या | योजना सम्पन्न संख्या | हाल सम्मको खर्च रु. हजारमा | वार्षिक वितिय प्रगति % | वार्षिक भौतिक प्रगति % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३१३०२१०७४ (प्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम ) | १७ | २८७०० | १५.० | १२.० | १६७४६.१७ | ५८.३५ | ६९.७ | |
| २ | ३१३०२१०६४ (प्रदेश जलस्रोत तथा सिंचाई विकास व्यवस्थापन ) | ३३ | ६४५०० | २१.० | ७.० | १२९७४.१ | २०.११ | ३५.५ | |
| ३ | ३१३०२१०१४ (निर्मित भवनको संरचनात्मक सुधार ) | १ | ५०० | १ | १ | ४८६.८१ | ९७.३६ | १००.० | |
| | जम्मा | ५१ | ९३७०० | ३७ | २० | ३०२०७ | ३२.२४ | ४५.८ | |
| ३ | ३१३०२१०१३ ( जलस्रोत तथा सिंचाई विकास डिभिजन-चालु ) | | १६६०० | | | ६५७५.३ | ३९.६ | | |

१३. तोकिए बमोजिमका अन्य विवरण : समसामयिक सूचनाहरू सूचना पाटीमा टाँस गर्ने गरेको

१४. डिभिजनको वेबसाइट : http://wridddhankuta.koshi.gov.np/

सूचना अधिकारी
श्री प्रदिप श्रेष्ठ
इन्जीनियर छैटौ